# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, फागुन २ गते, २०८१ साल (अतिरिक्ताङ्क ८

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

नेपालको संविधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८१ सालको ऐन नं. ६

**सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन**



**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशका सबै भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने कुरालाई हृदयङ्गम गर्दै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रज्ञा प्रतिष्ठान सम्बन्धी प्रचलित कानूनी व्यवस्थामा समयानुकूल संशोधन, परिमार्जन तथा एकीकरण गर्न सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार:** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ।

२. **सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा २ मा संशोधन:** सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-,

"२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "उपकुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ।

(ख) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ।

(ग) "तोकिएको वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नाट्यकला" भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनु पर्छ।

(ङ) "पदाधिकारी" भन्नाले कुलपति, उपकुलपति र प्राज्ञ परिषद्का मनोनीत सदस्य सम्झनु पर्छ।

(च) "परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञपरिषद् सम्झनु पर्छ।

(छ) "प्रमुख संरक्षक" भन्नाले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ।

(ज) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ञ) "ललितकला" भन्नाले चित्रकला, मुर्तिकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्छ।

(ट) "सङ्गीत भन्नाले गायन, सङ्गीत, वादन र नृत्य सम्झनु पर्छ।

(ठ) "सभा" भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ।





(ड) "संरक्षक भन्नाले सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्री सम्झनु पर्छ।

३. <u>मूल ऐनको दफा ३ मा संशोधनः</u> मूल ऐनको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सुदूरपश्चिम प्रदेशका सबै भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्नका लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानको स्थापना गरिएको छ।"

४. <u>मूल ऐनको दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. <u>प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्ने,

(ख) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्बन्धित सामग्रीको सङ्कलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्ने, गराउने,

(ग) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाटचकला, सङ्गीत सम्बन्धी विविध विषयमा प्रादेशिक, राष्ट्रिय तथा

अन्तरार्ष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने,

(घ) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ङ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका विभिन्न विषयमा हुने अन्तर्राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने, गराउने,

(च) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका विभिन्न क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदानप्रदान गर्ने,

(छ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(ज) स्वदेशी एवं विदेशी उत्कृष्ट कृतिको अनुवाद तथा प्रकाशन गर्ने, गराउने,

(झ) विभिन्न जातजाती तथा समुदायका साहित्य, लिपि, मौलिक संस्कृति तथा





लोकोक्तिको पहिचान तथा सम्बर्द्धन र संरक्षण गर्न,

(ञ) लोक साहित्य, लोक सङ्गीत, लोकनृत्य समेतका विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन अनुसन्धान गरी अभिलेख राख्ने,

(ट) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयका प्रतिभालाई प्रोत्साहित एवं विकास गर्ने वातावरण सिर्जना गर्ने,

(ठ) प्रदेशका लोपोन्मुख भाषा, लिपि, साहित्य, लोक साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन, खोज र विकास गर्ने,

(ड) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको विषयमा अध्ययन तथा अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने,

(ढ) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने।

५. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. <u>प्रज्ञा प्रतिष्ठानको सङ्गठनः</u> प्रज्ञा प्रतिष्ठाको सङ्गठन देहायबमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) प्राज्ञ सभा र

(ख) प्राज्ञ परिषद्।"

६. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएको छ र दफाको अन्तमा रहेको उपदफा (६) हटाइएकोछः-

"(२) प्राज्ञ सभाको गठन देहायबमोजिम हुनेछः-

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू मध्येबाट भौगोलिक र समानुपातिक समावेशितालाई ध्यानमा राखी प्रत्येक विधाबाट कम्तीमा दुई जनाको प्रतिनिधित्व हुने गरी मुख्यमन्त्रीले मनोनीत गरेका बाईस जना - सदस्य

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरुमध्येबाट मुख्यमन्त्रीले तोकेको सदस्यले प्राज्ञ सभाको सदस्य सचिव भई काम गर्नेछ।"

७. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-





"८. <u>सिफारिस समितिः</u> (१) पदाधिकारी तथा प्राज्ञ सभामा मनोनयन हुने सदस्यको नियुक्ति वा मनोनयनको लागि मुख्यमन्त्री समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) सामाजिक विकास मन्त्री - अध्यक्ष

(ख) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट मुख्यमन्त्रीले तोकेका दुईजना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले प्राज्ञ सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट सम्भव भएसम्म सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले पदाधिकारीको नियुक्तिको लागि नाम सिफारिस गर्दा प्राज्ञ सभाका मनोनीत सदस्यहरु मध्येबाट गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले कुलपति वा उपकुलपति मध्ये एकजना महिला हुने गरी नाम सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले नाम सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

८. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. <u>प्राज्ञ सभाको काम, कर्तव्य र अधिकारः</u>- प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रज्ञा प्रतिष्ठानको वार्षिक नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कारको अनुमोदन गर्ने,

(ग) प्रज्ञा परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(घ) प्रज्ञा परिषद्का कामको अनुगमन मुल्याङ्कन गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको कामका निम्ति आवश्यकतानुसार विभागहरुको गठन गर्ने,

(च) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याएका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति वा संस्थालाई विद्वत्वृत्ति, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,





(छ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने,

(ज) दफा ५ मा उल्लेख भए बमोजिमका काम गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।"

९. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) प्राज्ञ सभाले प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक, संरक्षक, मानार्थ प्राज्ञ र आजीवन सदस्यलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ।"

१०. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को उपदफा (१), (२), (३), (४) र (५) को सट्टा देहायको उपदफा (१), (२), (३), (४) र (५) राखिएको छ र देहायका उपदफा (६) र (७) थप गरिएका छन्:-

"(१) प्रतिष्ठानको कार्यकारी निकायका रुपमा काम गर्न एक प्राज्ञ परिषद् रहनेछ।

(२) प्राज्ञ परिषद्को गठन देहायबमोजिम हुनेछः-

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) प्राज्ञ सभाका मनोनीत सदस्यहरु मध्येबाट समानुपातिक समावेशितालाई ध्यानमा राखी कम्तिमा

एकजना महिला सहित मुख्यमन्त्रीले मनोनीत गरेका तीन जना - सदस्य

(३) प्राज्ञ सभाको सदस्य सचिवले प्राज्ञ परिषद्को सदस्य सचिव भई काम गर्नेछ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिमका मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका मनोनीत सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनीत भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनीत गर्नु पर्नेछ।

(६) परिषद्को बैठकमा उपस्थित भई भाग लिए वापत परिषद्का सदस्यहरूलाई तोकिएबमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ।

(७) परिषद्का पदाधिकारीहरुको नियुक्ति एउटै पदमा दुई कार्यकाल भन्दा बढी हुने छैन।"

११. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. <u>प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः</u> प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) प्राज्ञ सभाले दिएको निर्देशन पालना गर्ने,





(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि प्राज्ञ सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) पुस्तकालय, वाचनालय, सङ्ग्रहालय, ग्यालरी, रङ्गमञ्च र नाट्यशालाको निर्माण गर्ने,

(झ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि प्राज्ञ सभामा पेश गर्ने,

(ञ) परिषद्को कामकारबाहीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने।"

१२. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को उपदफा (५) मा रहेको "सहकुलपति" भन्ने शब्द झिकि उक्त शब्दको सट्टा "उपाध्यक्ष" भन्ने शब्द राखिएको छ।

१३. **<u>मूल ऐनको दफा १४, १५, १६, १७, १८, १९, २०, २१, २२ र २३ मा संशोधनः</u>** मूल ऐनको दफा १४, १५, १६, १७, १८, १९, २०, २१, २२ र २३ को सट्टा देहायको दफा १४, १५, १६, १७, १८, १९, २०, २१, २२ र २३ राखिएका छन्:-

"१४. <u>प्रमुख संरक्षकः</u> मुख्यमन्त्री प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ।

१५. <u>संरक्षकः</u> सामाजिक विकास मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ।

१६. <u>कुलपतिः</u> (१) प्रज्ञा प्रतिष्ठानमा एक कुलपति रहनेछ।

(२) कुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ।

१७. <u>कुलपतिको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राज्ञ सभा दिएको निर्देशन र प्राज्ञ परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,





(ग) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) प्राज्ञ परिषद्को स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघ संस्था तथा नेपाल प्रज्ञा प्रतिष्ठान र अन्य प्रदेश प्रज्ञा प्रतिष्ठानहरुसँग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम आवश्यक सम्पर्क समन्वय कायम गर्ने,

(च) तोकिए बमोजिमका काम गर्ने।

१८. <u>उपकुलपतिः</u> प्रज्ञा प्रतिष्ठानमा एक उपकुलपति रहनेछ।

१९. <u>उपकुलपतिको काम, कर्तव्य र अधिकारः</u> उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राज्ञ सभाले दिएको निर्देशन र प्राज्ञ परिषद्ले गरेका निर्णय कार्यान्वयनमा कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने।

२०. <u>पदाधिकारी सम्बन्धी व्यवस्थाः</u> (१) मुख्यमन्त्रीले यस ऐनको अधीनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ।

(२) पदाधिकारीको पदावधि चार वर्षको हुनेछ।

(३) पदाधिकारीले प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्नेछ।

(४) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

२१. <u>पद रिक्त हुने अवस्थाः</u> देहायको अवस्थामा पदाधिकारी र प्राज्ञ सभाका सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) पदावधि समाप्त भएमा,

(ख) लिखित राजीनामा दिएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) दफा २२ बमोजिम पदबाट हटेमा,

(ङ) कालोसूचीमा परेमा,

(च) मृत्यु भएमा।

२२. <u>पदबाट हटाउन सक्नेः</u> (१) पदाधिकारी वा सभाका सदस्यलाई देहायको अवस्थामा पदबाट हटाउन सकिनेछः-

(क) आफ्नो पद अनुकूलको आचरण पालना नगरेको,

(ख) इमान्दारीपूर्वक आफ्नो कार्य जिम्मेवारी पूरा नगरेको,

(ग) कार्यक्षमताको अभाव भएको।

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु पर्ने अवस्था देखिएमा प्राज्ञ सभाका तत्काल कायम रहेका एक चौथाइ सदस्यले मुख्यमन्त्री समक्ष लिखित निवेदन दिनु पर्नेछ।



खण्ड ८) अतिरिक्ताङ्क ८, प्रदेश राजपत्र भाग १ मिति २०८१।११।०२

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्न मुख्यमन्त्रीले प्राज्ञ सभाका सदस्यहरूमध्येबाट तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिम गठित समितिले छानबिन गरी मुख्यमन्त्री समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ र मुख्यमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि प्राज्ञ सभा समक्ष राने व्यवस्था गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन उपर छलफल गरी प्राज्ञ सभामा तत्काल कायम रहेका सदस्यको बहुमतले आफ्नो पद अनुकूलको आचरण पालना नगरेको वा इमान्दारीपूर्वक आफ्नो कार्य जिम्मेवारी पूरा नगरेको वा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा मुख्यमन्त्रीले त्यस्तो पदाधिकारी वा प्राज्ञ सभाका सदस्यलाई निजको पदबाट हटाउनेछ।

(६) उपदफा (५) बमोजिम पदाधिकारी वा प्राज्ञ सभाका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइको मौका दिनु पर्नेछ।

(७) यस दफा बमोजिमको कारवाही पुरा नभएसम्म उपदफा (१) बमोजिमको आरोप लागेको पदाधिकारी वा प्राज्ञ सभाको सदस्यले प्रज्ञा प्रतिष्ठानको कुनै पनि कामकारबाहीमा भाग लिन पाउने छैन।

२३. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमका कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।"

१४. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ को उपदफा (४) र (५) को सट्टा देहायका उपदफा (४) र (५) राखिएको छः-

"(४) कोषको रकम प्रतिष्ठानले तोकेको सरकारी स्वामित्वको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रतिष्ठानको खाता सञ्चालन सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।"

१५. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ कोउपदफा (१) र (२) मा रहेको "संस्कृति" भन्ने शब्दपछिका "दर्शन तथा समाजशास्त्र" भन्ने शब्दहरु झिकि सो शब्दको सट्टा क्रमशः "लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला तथा सङ्गीत" भन्ने शब्दहरु राखिएका छन् र उपदफा (३) पछि रहेको उपदफा (४) हटाइएको छ।

१६. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार प्रदान गर्नसक्नेः "प्राज्ञ सभाले भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको विधामा उल्लेखनिय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ।"

१७. मूल ऐनको दफा २९ मा संशोधनः मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-





"२९. शपथः आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले मुख्यमन्त्री समक्ष र उपकुलपति, प्राज्ञ सभाका सदस्यले कुलपतिसमक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।"

१८. मूल ऐनको दफा ३० मा संशोधनः मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

"३०. अधिकार प्रत्यायोजनः (१) प्राज्ञ सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार प्राज्ञ परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञ परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार कुलपति, उपकुलपति वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार उपकुलपति वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) उपकुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।"

१९. मूल ऐनको दफा ३३ मा संशोधनः मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छः-

"३३. नियम, कार्यविधि र मापदण्ड बनाउन सक्ने: (१) यो ऐन कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियम, कार्यविधि र मापदण्डहरू बनाउन सक्नेछ।

तर आर्थिक व्ययभार पर्ने कुराहरूको सम्बन्धमा मन्त्रालयमार्फत आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

२०. रुपान्तर: मूल ऐनमा विभिन्न दफा/उपदफा/खण्डहरुमा रहेका "सभा", "परिषद्", "प्रतिष्ठान" र "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा क्रमशः "प्राज्ञ सभा", "प्राज्ञ परिषद्", "प्रज्ञा प्रतिष्ठान" र "मन्त्रालय" भन्ने शब्दहरु राखिएको छ।

२१. अनुसूची-१ मा संशोधन: मुल ऐनको अनुसूची-१ को सट्टा देहायको अनुसूची राखिएको छ।





**अनुसूची**

(दफा २९ सँग सम्बन्धित)

पद तथा गोपनीयताको शपथको ढाँचा

म .........................नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि...............पदको जिम्मेवारी प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीकासाथ वहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

दस्तखतः .................

नाम र थरः ..............

पदः ....................

मितिः ......................

**प्रमाणीकरण मितिः२०८१।११।०२**

**आज्ञाले,**
**लिलाधर सुवेदी**
**प्रदेश सरकारको सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १०।-